भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. :-२०७७/७८ मिति :- २०७७/१२/२४

च.नं.:-१२२२

विषय :- सुचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै
भूमे गाउँपालिका, रुकुम (पूर्व) ।

प्रस्तुत विषयमा भूमे गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) को आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारबाट शसर्त हस्तान्तरित कार्यक्रम अनुसार स्थानिय तह मार्फत संचालन हुने कोभिड विशेष कृषि कार्यक्रम तर्फ साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम, कोभिड प्रभावित भई गाउँ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान कार्यक्रम र एक स्थानीय तह एक उत्पादन (तरकारी) कार्यक्रम सुचना थान तीन (३) त्यहाँ वडा कार्यालको सुचना पाटीमा टाँस गरी वडाबासी कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

२०७७/१२/२४

(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९८०९८१८७७७, ९८०१३३२३३३
इमेल: info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइट: www.bhumemun.gov.np

# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम माग सम्बन्धि सुचना ।**

**प्रथम पटक प्रकाशित मिति :- २०७७/१२/२४**

प्रस्तुत विषयमा भूमे गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व.२०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेश सरकारबाट शसर्त हस्तान्तरीत कार्यक्रम अनुसार स्थानिय तह मार्फत सन्चालन हुने कोभिड विशेष कृषि कार्यक्रम तर्फ साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम सन्चालन गर्नुपर्ने भएकोले भूमे गाउँपालिका भित्रका कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले तपशिलका आवश्यक कागजातहरु सहित सुचना प्रकाशन भएकोे मितिले १५ दिन (मिति २०७८/०१/०८ गत्ते) भित्र भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा माग गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| क्र.सं. | विवरण | अनुदान उपलब्ध हुने सामाग्री | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | साना कृषि औजार तथा यन्त्र उपकरणमा अनुदान कार्यक्रम | साना कृषि औजार तथा यन्त्र उपकरणहरु (बीउ भण्डारण गर्ने (सिडविन), विषादी छर्ने ठूलो (पावर स्पेयर), खेत जोत्ने मेसिन (मिनीटिलर) धान, गहुँ, कोदो चुतने मेसिन (थ्रेसर), धान, गहुँ काट्ने मेसिन (ब्रस कटर), विरुवा रोप्नको लागि खाडल खन्ने मेसिन, घाँस काटने मेसिन (ग्रास कटर), मकै छोडयाउने मेसिन (कर्णसेलर) आदि) | प्रति अनुदानग्राही औजार खरिद गरेको बिल रकमको ५० प्रतिशतले न्यूनतम रु.५,०००।– देखि अधिकतम रु.३५,०००।– मात्र पाईनेछ । | |

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- कृषक/निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्थाको निवेदन ।
- कृषकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
- निजी कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- कृषक समूह/कृषि सहकारी संस्थाको निर्णयको प्रतिलिपी ।
- एक भन्दा बढी कार्यक्रममा अनुदान प्राप्त नगरेको व्यहोरा खुलाईएको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

सम्पर्कको लागिः

१. ना.प्रा.स. विशाल पुन मगर :- ९८१३६०८६९६, ९८०१३३२३३५

२. ना.प्रा.स. शिखर विश्वकर्मा :- ९८०६२९११२५

............................
(चन्द्रसिंह श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत